FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

This Question Paper consists of 30 questions and 7 printed pages.

Roll No. | | | | | | | | | | | | Code No. **49/S/O/N**

Set **A**

NEPALI
(नेपाली)
(231)

Day and Date of Examination _____

Signature of Invigilators 1. _____

2. _____

सामान्य अनुदेश:

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान बाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **49/S/O/N** लेख्नुहोस्।

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

NEPALI

(नेपाली)

(231)

समय : 3 घण्टा] [पूर्णाङ्क : 100

निर्देश :

1. सबै प्रश्नहरूको उत्तर अनिवार्य छ।
2. सबै प्रश्नहरू ध्यानपूर्वक पढनुहोस् अनि उत्तर दिनुहोस्।
3. प्रश्न सङ्ख्या 1 देखि 11 सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तरको उत्तर पुस्तिकामा चिह्नित गर्नुहोस्।

1. 'भक्तमाला' कविता कुन भावधारामा लेखिएको छ ? 1

   (A) गणेश भक्ति (B) कृष्ण भक्ति
   (C) राम भक्ति (D) दुर्गा भक्ति

2. कवितालाई 'जीवनको समालोचना' मानेका छन् : 1

   (A) डार्कले (B) आर्नडले
   (C) गोर्कीले (D) वर्डस्वर्थले

3. डॉ. शान्ति क्षेत्रीको कवितामा परेवा प्रतीक हो ? 1

   (A) शान्तिका (B) मानिसका
   (C) युद्धका (D) संसारका

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

4. 'बेलामा' जीवन जीउनको लागि प्रमुख साधन हो ? 1

(A) उपन्यास (B) कविता

(C) नाटक (D) सङ्गीत

5. 'गोरखाली जाति' कवितामा के हुन सकेन भनी कविले चित्त दुखाएका छन् ? 1

(A) भाषाको उत्थान (B) धनको वृद्धि

(C) साहित्यको विकास (D) जातिको उत्थान

6. सुभद्राको शारीरिक अवस्था देखेर देवीरमणको हृदय भयो : 1

(A) अति हर्षित (B) प्रसन्न

(C) आनन्दित (D) अति दुःखी

7. कवि देवकोटा कुन् कालको कवि हो ? 1

(A) आदि काल (B) मध्य काल

(C) रीति काल (D) नव्य काल

8. दीपक कुन पाठको पात्र हो ? 1

(A) नासो (B) मृगतृष्णा

(C) त्रिकोण (D) सिपाही

9. पत्रहरूका प्रकार हुन्छन् : 1

(A) दुइ (B) तीन

(C) चार (D) पाँच

10. लामो कुरालाई कम्ती र छोटो बनाएर लेख्नु भनिन्छ : 1

(A) अनुच्छेद (B) भाव विस्तार

(C) सारांश (D) विलोपन

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

11. वितरणसम्बन्धी सूचनाहरू प्रस्तुत गर्नलाई कुन तालिकाको प्रयोग हुन्छ ? 1

(A) वृक्ष (B) पाई चार्ट

(C) सारिणी (D) प्रवाह

12. निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

भानुभक्तले भाषा मात्र सृष्टि गरेनन् रामायणको पनि सृष्टि गरे। आदि कविको रामायण नेपाली भाषाको प्रसिद्ध ग्रन्थ हो। रामायण हिन्दू धर्मको अत्यन्त महत्त्वपूर्ण ग्रन्थ हो। उहिले पहाड़मा संस्कृत जान्ने पण्डितहरू मात्र रामायण जान्दथे। साधारण जनतालाई यसको विषय केही थाहा थिएन। जब भानुभक्तले यो नेपालीमा लेखे, जब मान्छे यो गाउन लागे तब हिन्दू संस्कृतिको नेपालमा अधिक रूपमा प्रचार हुनलाग्यो। सबैले यो पढ़न लागे। उनका मनमा हुन लाग्यो कि हामी सबै नेपाली एकै रामलाई मान्छौ, एकै सीतालाई औ एउटै धर्मग्रन्थलाई र हामी सबै एकै रहेछौं भनेर यसरी जातीयतालाई यिनको रामायणबाट ठूलो आधार मिल्यो।

(i) भानुभक्तलाई कुन् उपाधि दिइएको हो ? 1

(ii) भानुभक्तले कुन् भाषा सृष्टि गरे ? 1

(A) राई (B) गुरुङ

(C) नेपाली (D) तामाङ

(iii) भानुभक्त रचयिता हुन् : 1

(A) महाभारतको (B) रामायणको

(C) राम वनवासको (D) सीता जन्मको

(iv) नेपाली भाषाको प्रसिद्ध ग्रन्थको नाम के हो ? 1

(v) भानुभक्त अघि रामायणको अधिकारी को थिए ? 1

(vi) 'जातीयता' भन्नाले के बुझिन्छ ? 1

(vii) कुन् ग्रन्थलाई र किन हिन्दू धर्मको महत्त्वपूर्ण ग्रन्थ भनिन्छ ? 2

(viii) नेपालमा कसरी हिन्दू संस्कृतिको प्रचार भयो ? 2

(ix) रामायणले कसरी नेपाली जातिमा एकता स्थापित गरे ? 3

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

13. निम्नलिखित पद्यांशलाई ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

भयो भयो भयो अझ कति सहने कसको तीतो बोली

हिँड हिँड अब उत्तर जाऔं खेलौं रक्तको होली

आज मरेपनि निश्चय होला सुखकर जीवन भोलि

शान्ति अलिकति सुतोस् चिहानमा लौ हिँड छाती खोली।

(i) उपर्युक्त पद्यांशमा कविले के गरेको छ ? 1

(A) अनुरोध (B) आदेश

(C) आह्वान (D) प्रार्थना

(ii) यस पद्यांशको मूलभाव हो : 1

(A) उपदेशात्मक (B) क्रान्तिकारी

(C) भक्तिमूलक (D) प्रेममूलक

(iii) 'शान्ति अलिकति सुतोस्' को अर्थ स्पष्ट गर्नुहोस्। 2

(iv) 'अब उत्तर जाऔं खेलौं रक्तको होली' को अर्थ लेख्नुहोस्। 2

14. 'मेरो एउटा नागा हुकी' कस्तो किसिमको कथा हो ? 1

15. 'मृगतृष्णा' कथामा कुन् धार्मिक विचारको प्रभाव पाइन्छ ? 1

16. 'आमा' कवितामा कविले कुन आमाका गुणको बखान गरेका छन् ? 1

17. 'सिकी, शिक्षा लेऊ, सिक इलम नामी तिमी हुन' काव्य-पङक्तिमा 'इलम' भनेको के हो ? 1

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

18. आफ्नो कुरालाई प्रभावशाली बनाउँनका लागि लेखकले कुन्-कुन् विषयहरू प्रयोग गर्छन् ? 2

19. (क) निम्नलिखित कुनै **दुइ** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 2

नीरस, सम्भव, लोकेन्द्र

(ख) निम्नलिखित कुनै **दुइ** शब्दका एक-एक पर्यायवाची शब्द लेख्नुहोस् : 2

चन्द्र, रश्मि, कर्ण

(ग) निम्नलिखित कुनै **दुइ** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 2

दानी, अस्त, हाँसो

20. निम्नलिखित कुनै **दुइ** बाग्धारालाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् : 2

मनमा चीसो पस्नु, पखेटा लाग्नु, लामो हात गर्नु

21. निम्नलिखित कुनै **दुइ** जोड़ी शब्दलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् : 4

दिन-दीन, अनल-अनिल, फेरि-फेरी

22. चुनाउमा हुने व्ययबारे दुइजना साथीहरूको सम्वाद प्रस्तुत गर्नुहोस्। 5

23. एउटा कोलोनीमा 400 मानिस रहने गर्छन्। यसमध्ये 200 जना मानिसहरू नोकरी गर्छन्, 100 जना आफ्नै व्यवसाय गर्छन्, 50 जना साना-साना पसल चलाउँछन्। रहल दैनिक खेताला छन्। यस विभाजनलाई सिक्का-चार्टमा देखाउनुहोस्। 5

24. निम्नलिखित वाक्यहरूमा उपयुक्त चिह्न प्रयोग गर्नुहोस् - 5

मानिसले काम गर्छन् के को लागि खानको लागि पैसा किन कमाउने खानकै लागि मानिस खान र बाँच्नको लागि यी सब गर्छन् यस कारण कमाएका धनले राम्रो खानु र राम्रो लगाउनु नै वास्तविक जीवन हो।

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

25. 'सिपाही' कथाको भाषा-शैलीबारे लेख्नुहोस्। 5

26. 'शहीदहरूको सम्झानामा' कविताको सारांश लेख्नुहोस्। 5

27. निम्नलिखित कुनै **एक** विषयमाथि 10-12 पङक्तिभित्र एक अनुच्छेद लेख्नुहोस् - 5

(क) सत्यमार्ग (ख) जीवन संघर्ष

28. आफ्नो परीक्षाको परिणाम विषयबारे पितालाई पत्र लेख्नुहोस्। 7

अथवा

बिजुलीको समस्याबारे अवगत गराउँदै सम्बन्धित अधिकारीलाई पत्र लेख्नुहोस्।

29. निम्नलिखित कुनै एक विषयमाथि लगभग 200 शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) मूल्यबृद्धिको समस्या

(ख) इंटरनेटका हानिहरू

(ग) देशनिर्माणमा युवा-वर्गको भूमिका

(घ) एउटा अविस्मरणीय घटना

30. निम्नलिखित वाक्यहरूलाई शुद्ध गरी लेख्नुहोस् : 5

दशैंपछी तिहार आउँछ। तिहार हाम्रा सुन्दर चाड़ हो। जहाँ प्रकाशले सजाए र धरती प्रकाशमय पारिन्छन्। जीवन भने का जीऊनु मात्र होइनन्। घर-घर सङ्गीत गाउँदा हिँडछ।

- o O o -

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com